# पाणिनी गाउँपालिका
Panini Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive

W744 QGC
9857086520
दुर्गाफाँट, अर्घाखाँची
Durgaphant, Arghakhanchi
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal


प.सं./Letter No.: २०८१/०८२
च.नं./Ref. No.: ११२

## शिक्षक, कर्मचारी बैंक तयार गर्ने परीक्षाको विज्ञापन
(प्रथम पटक प्रकाशित मितिः २०८१।०४।२३ गते)

पाणिनी गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरूमा रिक्त भएका र आगामी दिनमा रिक्त हुने देहायका पदमा करारमा पदपूर्ति गर्नको लागि पाणिनी गाउँपालिकाको **"गाउँपालिकाका विद्यालयमा रिक्त हुने शिक्षक, कर्मचारी पदपूर्तिको लागि एकीकृत परीक्षा प्रणाली बाट शिक्षक, कर्मचारी बैङ्क तयार गर्ने कार्याविधि, २०८१"** बमोजिम प्रतियोगितात्मक परीक्षा सञ्चालन गरी शिक्षक, कर्मचारी बैङ्क तयार गर्नुपर्ने भएकोले न्यूनतम योग्यता पुगेका ईच्छुक उम्मेदवारहरुले यसैसाथ संलग्न ढाँचाको दरखास्त फाराम भरेर पेस गर्नुहुन यो विज्ञापन प्रकाशन गरिएको छ।

१. विज्ञापनको विवरण

| क्र.सं. | विज्ञापन नं. | पद | तह | श्रेणी | विषय | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | १/२०८१-८२ | बालविकास सहजकर्ता | - | - | - | |
| २ | २/२०८१-८२ | विद्यालय सहायक कर्मचारी (लेखापाल) | - | - | - | |
| ३ | ३/२०८१-८२ | शिक्षक | प्राथमिक तह | तृतीय | - | |
| ४ | ४(क)/२०८१-८२ | शिक्षक | निम्न माध्यमिक | तृतीय | अङ्ग्रेजी | |
| ५ | ४ (ख)/२०८१-८२ | शिक्षक | निम्न माध्यमिक | तृतीय | नेपाली | |
| ६ | ४(ग)/२०८१-८२ | शिक्षक | निम्न माध्यमिक | तृतीय | गणित | |
| ७ | ४(घ)/२०८१-८२ | शिक्षक | निम्न माध्यमिक | तृतीय | विज्ञान | |
| ८ | ४(ङ)/२०८१-८२ | शिक्षक | निम्न माध्यमिक | तृतीय | सामाजिक | |
| ९ | ५(क)/२०८१-८२ | शिक्षक | माध्यमिक | तृतीय | अङ्ग्रेजी | |
| १० | ५(ख)/२०८१-८२ | शिक्षक | माध्यमिक | तृतीय | नेपाली | |
| ११ | ५(ग)/२०८१-८२ | शिक्षक | माध्यमिक | तृतीय | गणित | |
| १२ | ५(घ)/२०८१-८२ | शिक्षक | माध्यमिक | तृतीय | विज्ञान | |
| १३ | ५(ङ)/२०८१-८२ | शिक्षक | माध्यमिक | तृतीय | सामाजिक | |

२. पारिश्रमिक तथा अन्य सुविधाः- योग्यताक्रमसहितको सूचीबाट सिफारिस भई विद्यालयमा नियुक्ति भएपश्चात सम्बन्धित पद,तह, कोटा र श्रेणीका लागि नेपाल सरकारले निर्धारण गरे बमोजिमको पारिश्रमिक तथा अन्य सुविधा हुनेछ।

३. **परीक्षाको पाठ्यक्रम र परीक्षा सञ्चालन:-** बालविकास सहजकर्ता र विद्यालय सहायक कर्मचारीको हकमा **"गाउँपालिकाका विद्यालयमा रिक्त हुने शिक्षक, कर्मचारी पदपूर्तिको लागि एकीकृत परीक्षा प्रणाली बाट शिक्षक, कर्मचारी बैंक तयार गर्ने कार्यविधि, २०८१"** ले तोकेको पाठ्यक्रम र अन्य शिक्षक पदको हकमा शिक्षक सेवा आयोगले निर्धारण गरेको पाठ्यक्रमका आधारमा परीक्षा सञ्चालन गरिनेछ। (कार्यविधि कार्यालयको Website-https://paninimun.gov.np राखिएको।)

४. **परीक्षा सञ्चालन:-** परीक्षा सञ्चालन हुने मिति, समय र स्थानको वारेमा विज्ञापनको समय समाप्त भए पश्चात कार्यालयबाट सूचना प्रकाशन गरिने छ।

५. **दरखास्त दस्तुर:** देहायको पद तथा तहकोलागि तपसिल अनुसारको दस्तुर कार्यालयको राजस्व इकाईमा नगदै बुझाई प्राप्त गरेको रसिद दरखास्त फाराम साथ संलग्न गरी पेश गर्नुपर्ने छ।

(क) बालविकास सहजकर्ताको लागि रु ५००/-(पाँच सय),
(ख) विद्यालय सहायक कर्मचारीको लागि रु ७००/- (सात सय),
(ग) प्राथमिक तहको शिक्षक पदको लागि रु ८००/- (आठ सय),
(घ) निम्न माध्यमिक तहको शिक्षक पदको लागि रु ९००/- (नौं सय),
(ङ) माध्यमिक तहको शिक्षक पदको लागि रु १०००/- (एक हजार)

६. **दरखास्त दिने अन्तिम मिति:-२०८१।०५।०५ गते कार्यलय समय भित्र।**

७. **उम्मेद्वारमा हुनुपर्ने आवश्यक न्यूनतम योग्यता:-**

(क) नेपाली नागरिक।
(ख) १८ वर्ष उमेर पुरा भई ४० वर्ष ननाघेको।
(ग) बालविकास सहजकर्ताको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट शिक्षाशास्त्र संकायमा न्यूनतम कक्षा १२ वा सो सरह उत्तीर्ण गरेको महिला।
(घ) विद्यालय सहायक कर्मचारीको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन संकायबाट न्यूनतम कक्षा १२ वा सो सरह उत्तीर्ण गरेको।
(ङ) प्राथमिक तह, निम्न माध्यमिक तह र माध्यमिक तहको हकमा शिक्षक सेवा आयोगद्वारा सम्बन्धित तहका लागि पछिल्लो पटक प्रकाशित विज्ञापनमा उल्लेख भए बमोजिमको शैक्षिक योग्यता पुरा भएको। साथै जुन तहको परीक्षामा सहभागी हुने हो सोही तहको स्थायी अध्यापन अनुमतिपत्र प्राप्त गरेको।

८. **उम्मेदवारले पेस गर्नुपर्ने आवश्यक कागजातहरू:-**

(क) नेपाली नागरिताको प्रमाणपत्रको प्रतिलिपी।
(ख) दरखास्त दस्तुर बुझाएको भौचरको सक्कल प्रति।
(ग) सम्बन्धित तहको लागि तोकिएको शैक्षिक योग्यता र माथिल्लो शैक्षिक योग्यता भए मार्कसिट / ग्रेडसिट र चारित्रिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपी। विदेशी शिक्षण संस्थाको शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गराएको हुनुपर्नेछ।
(घ) यसै साथ संलग्न गरीए अनुसार दरखास्त फाराम भरेका कागजातहरु।

पाणिनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दुर्गाफाँट, अर्घाखाँची
शिक्षक, कर्मचारी बैंक तयारी परीक्षाको दरखास्त फाराम

उम्मेदवारको फोटो

**(क) परीक्षा दिन चाहेको विज्ञापनको तह, विज्ञापन नं., विषय र प्रकारः**

१. परीक्षा दिन चाहेको तह लेख्नुहोस्:- ..........................................................................................

२. विज्ञापन नम्वरः.......................................................... पद...........................................................

३. परीक्षा दिन चाहेको विषयको नाम लेख्नुहोस् ( निम्न माध्यमिक र माध्यमिक तहको लागि मात्र)...........................................

**(ख) व्यक्तिगत विवरणः-**

| | | | |
|---|---|---|---|
| उम्मेदवारको नाम थर | नेपालीमाः- | | लिङ्गः- |
| | अंग्रेजी ठुलो अक्षरमाः- | | |
| | नागरिता नं. | जारी गरेको जिल्लाः- | जारी मितिः- |
| स्थायी ठेगाना | जिल्लाः- | स्थानीय तह र वडा नं. | मोबाइल नं. |
| इमेलः- | | पत्राचार गर्ने ठेगानाः- | |
| बाबुको नाम, थरः- | सम्पर्क नं. | आमाको नाम, थरः- | सम्पर्क नं. |
| बाजेको नाम, थर | | पति/पत्निको नाम, थरः- | |
| जन्ममितिः- | | दरखास्तको अन्तिम मितिमा पुग्ने उमेरः- .........वर्ष..........महिना.......दिन | |

**(ग) शैक्षिक योग्यताको विवरणः- (तोकिएको शैक्षिक योग्यता र माथिल्लो शैक्षिक योग्यताको विवरण भर्ने)**

| क्र.सं. | अध्ययन गरेको संस्था | उत्तीर्ण गरेको | | | कुल प्राप्ताङ्क | प्रतिशत/जि.पि.ए. | मुख्य विषय | कै. |
|---|---|---|---|---|---|---|---|---|
| | | परीक्षा | साल | श्रेणी | | | | |
| १. | | | | | | | | |
| २. | | | | | | | | |
| ३. | | | | | | | | |

**(घ) तालिम/प्रशिक्षण आदिको विवरणः- (१० महिने वा सो सरहको शैक्षिक तालिम मात्र लेख्ने)**

| क्र. सं. | तालिम दिने संस्थाको नाम र ठेगाना | तालिमको नाम | विषय | उत्तीर्ण गरेको | | | तालिमको अवधि | | कै |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | परीक्षा | साल | श्रेणी | देखि | सम्म | |
| १. | | | | | | | | | |
| २. | | | | | | | | | |

(ङ) यस दरखास्तमा उल्लेख गरेका सम्पूर्ण विवरणहरु सत्य छन। उम्मेदवारका लागि दिइएको निर्देशन मैले राम्ररी पढेको छु र म ती शर्तहरु पालन गर्न मञ्जुर छु। लेखिएको विवरण झुठा ठहरिएमा कानून बमोजिम सहुँला बुझाउँला।

| दायाँ | बायाँ |
|---|---|
| | |

**ल्याप्चे सहिछाप**

उम्मेदवारको दस्तखतः-...........................................

**नोटः- दरखास्त फारामसाथ संलग्न कागजातहरु उम्मेदवार स्वयंमले प्रमाणित गरेर विज्ञापनले तोकेका संलग्न गर्नुपर्ने कागजातहरुको प्रतिलिपिमा उल्लेखित क्रमसंख्या अनुसार नत्थी गरेको हुनुपर्नेछ।**

# पाणिनी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## दुर्गाफाँट, अर्घाखाँची

उम्मेदवारको फोटा

शिक्षक, कर्मचारी बैंक तयार गर्ने परीक्षाको लागि

**प्रवेश-पत्र**

**परीक्षार्थीले भर्ने:**

१. परीक्षार्थीको नाम, थर.......................................................................................................................................

२. परीक्षा दिन चाहेको तह.........................................विज्ञापन नं ........................................पद.............................. .............

३. परीक्षा दिन चाहेको विषयको नाम लेख्नुहोस् (निम्न माध्यमिक र माध्यमिक तहको लागि मात्र)..............................................................

४. परीक्षार्थीको दस्तखतः-.......................................................................

**कार्यालयको सम्बन्धित कर्मचारीले भर्ने:**-यस कार्यालयबाट जारी गरेको सूचनामा उल्लेखित मितिमा लिइने परीक्षामा तपाईलाई सूचनामा तोकिए बमोजिमको परीक्षा केन्द्रबाट सम्मिलित हुन अनुमति दिइएको छ। विज्ञापनमा तोकिएको शर्त नपुगेको ठहर भएमा जुनसुकै अवस्थामा पनि यो प्रवेश-पत्र रद्द हुनेछ।

रोल नः-

....................................

कर्मचारीको दस्तखत

**परीक्षार्थीले पालना गर्नुपर्ने नियमहरु:-**

१. परीक्षार्थीले परीक्षा भवनमा परीक्षा दिन आउँदा प्रवेश पत्र अनिवार्य रुपमा ल्याउनु पर्नेछ।

२. दरखास्त फाराममा लेखिएको विज्ञापन नं., तह र विषयको परीक्षामा मात्र सम्मिलित भई परीक्षा दिनुपर्ने छ।

३. उत्तरपुस्तिकामा नाम, रोल नम्वर आदी विवरण लेखेको ठीक पछाडीको पृष्ठमा उत्तर लेख्नु हुँदैन।

४. कार्यालयले तोकेको परीक्षा केन्द्र बाहेक अन्य केन्द्रबाट परीक्षा दिन पाईने छैन।

५. परीक्षा सुरु हुनुभन्दा १५ मिनेट अगाडी सूचना गरेपछि परीक्षा भवनमा प्रवेश गर्नु पर्नेछ। सामान्य परीक्षामा १५ मिनेट र विषयगत परीक्षामा ३० मिनेट भन्दापछि आउने परीक्षार्थीलाई परीक्षा हलमा बस्न दिइने छैन।

६. परीक्षा भवनमा किताब, कपी, कागज, चिट आदि लैजान पाइने छैन। परीक्षार्थीले आपसमा कुराकानी र संकेत गर्न पाइने छैन। आफुलाई चिनाउने कुनै संकेत उत्तरपुस्तिकामा गर्न पाईने छैन।

७. परीक्षा कार्यालयको प्रकाशित विज्ञापन वा सूचनामा उल्लिखित कार्यक्रम अनुसार हुनेछ।

८. अन्य कुराको हकमा कार्यालयले तोके बमोजिम हुनेछ।